# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (सुदूरपश्चिम प्रदेश)

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/८१)




## नेपाल राष्ट्र बैंक

**धनगढी कार्यालय**

**२०८१ माघ**

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । त्यसैगरी ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ। सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालयहरु एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८०/८१ को सुदूरपश्चिम प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यो प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री झकेन्द्र बहादुर शाही र तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन कार्यमा अहोरात्र खटिने सहायक निर्देशकहरु श्री ध्रुब कार्की, श्री भोजराज भट्ट र श्री अर्जुन बहादुर धामी, प्रधान सहायकद्धय श्री हरिलाल भट्ट र श्री पार्वती भट्ट पन्तलाई धन्यवाद दिन चाहन्छु ।

सुबास आचार्य
निर्देशक
**नेपाल राष्ट्र बैंक**
**धनगढी कार्यालय**

# विषय-सूची


पेज नं.

**सारांश**

**परिच्छेद १: अध्ययन परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** **३**

२.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तर प्रदेश तुलना ४

२.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना ६

**परिच्छेद ३: कृषि क्षेत्र** **९**

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ९

३.२ कृषि उत्पादन १०

३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन १३

३.४ सिँचाइ १४

३.५ क्षेत्रगत कृषि कर्जा १४

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु १५

**परिच्छेद ४: उद्योग क्षेत्र** **१७**

४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी १७

४.२ क्षेत्रगत औद्योगिक कर्जा १८

४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना १९

**परिच्छेद ५: सेवा क्षेत्र** **२१**

५.१ पर्यटन २१

५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट २२

५.३ वित्तीय सेवा २२

५.४ फण्ड ट्रान्सफर (तोडा चलान) २४

५.५ यातायात तथा सञ्चार २५

५.६ शिक्षा तथा स्वास्थ्य २६

५.७ सेवा क्षेत्र कर्जा २६

५.८ सहकारी २७

५.९ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति २९

५.१० स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ३०

५.११ सेवा क्षेत्रका चुनौती र सम्भावना ३०

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** **३२**

६.१ पूर्वाधार क्षेत्र ३२

६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति ३२

६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति ३३

६.४ वैदेशिक तथा आन्तरिक रोजगारी ३४

६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३५

**परिच्छेद ७ : आर्थिक परिदृष्य** **३७**

७.१ कृषि क्षेत्र ३७

७.२ औद्योगिक क्षेत्र ३७

७.३ सेवा क्षेत्र ३७

७.४ पूर्वाधार क्षेत्र ३७

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका ३.१: | आर्थिक वर्ष २०८०/८१ मा कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| तालिका ३.२: | आर्थिक वर्ष २०८०/८१ मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन | ११ |
| तालिका ३.३: | आर्थिक वर्ष २०८०/८१ मा प्रमुख पशुपंक्षीजन्य उत्पादन | १३ |
| तालिका ४.१: | सुदूरपश्चिम प्रदेशमा उद्योग दर्ता | १८ |
| तालिका ४.२: | जिल्लागत औद्योगिक कर्जा प्रवाह | १९ |
| तालिका ५.१: | बैंक तथा वित्तीय संस्थाहरुको जिल्लागत उपस्थिति | २३ |
| तालिका ५.२: | जिल्लागत निक्षेप तथा कर्जाको अवस्था | २३ |
| तालिका ५.३: | यातायत साधनको संख्या | २५ |
| तालिका ५.४: | सञ्चार सुविधा | २५ |
| तालिका ५.५: | शैक्षिक तथ्याङ्क | २६ |
| तालिका ५.६: | स्वास्थ्य तथ्याङ्क | २६ |
| तालिका ५.७: | सेवाक्षेत्रमा कर्जा प्रवाहको अवस्था | २७ |
| तालिका ५.८: | नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिती | २८ |
| तालिका ५.९: | सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण | २९ |
| तालिका ५.१०: | स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था | ३० |
| तालिका ५.११: | आ.व.२०८०/८१ मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था | ३० |
| तालिका ६.१: | सडक पूर्वाधारको स्थिति | ३२ |
| तलिका ६.२: | प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण | ३४ |
| तालिका ६.३: | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था | ३५ |

# चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट २.१ | बृहत आर्थिक क्षेत्र अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान | ३ |
| चार्ट २.२ | वृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत हिस्सा | ४ |
| चार्ट २.३ | आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान | ५ |
| चार्ट २.४ | प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | ५ |
| चार्ट २.५ | आ.व. २०८०/८१ मा प्रदेशस्तरीय बृहत आर्थिक क्षेत्रको योगदान | ६ |
| चार्ट २.६ | सुदूरपश्चिम प्रदेशको उत्पादनमा बृहत आर्थिक क्षेत्रको योगदान | ६ |
| चार्ट ३.१ | प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल | ९ |
| चार्ट ३.२ | प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति | १० |
| चार्ट ३.३ | प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति | १२ |
| चार्ट ३.४ | सिंचाई क्षेत्रमा भएको विस्तार | १४ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | १४ |
| चार्ट ४.१ | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १७ |
| चार्ट ४.२ | औद्योगिक कर्जा प्रवाह | १८ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | २२ |
| चार्ट ५.२ | निक्षेप तथा कर्जाको अवस्था | २३ |
| चार्ट ५.३ | निक्षेपकर्ता तथा ऋणीहरुको संख्या | २४ |
| चार्ट ५.४ | जिल्लागत फण्ड ट्रान्सफरको अवस्था | २५ |
| चार्ट ५.५ | सेवा क्षेत्र कर्जा प्रवाह | २७ |
| चार्ट ५.६ | नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा ऋणको अवस्था | २८ |
| चार्ट ५.७ | कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था | २९ |

# सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुको स्थलगत तथा गैरस्थलगतरुपमा प्राप्त तथ्याङ्क तथा सूचनाहरु अध्ययन गरी आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## समष्टिगत स्थितिः

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय अर्थतन्त्रको आकार रु. ५७ खर्व ४ अर्व ८४ करोडको हुने अनुमान गरेको छ भने आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ता मूल्यमा ३.८७ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ। उक्त कार्यालयले चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा कृषि क्षेत्रको वृद्धिदर ३.०३ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १.२० प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ४.५० प्रतिशत रहने प्रक्षेपण गरेको छ। त्यसैगरी, चालु आ.व.२०८०/८१ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनको आकार रु. ४ खर्व ४ अर्ब २८ करोड र आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.४१ प्रतिशत र आधारभूत मूल्यमा ३.०६ प्रतिशत रहने अनुमान गरिएको छ भने आधारभूत मूल्यमा प्रदेशको प्राथमिक क्षेत्रको वृद्धिदर ३.४२ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर -०.५० प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर ४.०९ प्रतिशत रहने अनुमान गरेको छ।

## कृषि

१. समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ७.७१ प्रतिशतले ह्रास भएको छ भने यस्ता बालीको उत्पादन २.८५ प्रतिशतले बढेको छ।

२. समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापर र जौंको उत्पादन क्रमशः ६५.७१ प्रतिशत र २५.०३ प्रतिशतले वृद्धि भएको छ भने तेलहनको उत्पादनमा सबभन्दा बढी १८.५३ प्रतिशतले ह्रास आएको छ।

३. पशुजन्य उत्पादन अन्तर्गत दूध ४.५८ प्रतिशत, मासु ९.३२ प्रतिशत र अण्डा ६.४४ प्रतिशतले बढेको छ।

४. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १०.८१ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ। २०८१ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८० असार मसान्तको तुलनामा १.३१ प्रतिशतले ह्रास भई रु. १६ अर्ब ५२ करोड ८५ लाख पुगेको छ।

## उद्योग

५. समीक्षा वर्षमा प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.९६ प्रतिशत रहेको छ।

६. औद्योगिक उत्पादनमध्ये समीक्षा वर्षमा चामल र गहुँको उत्पादन वृद्धि भएको छ भने तोरीको तेल, साबुन, ईटा, चिनी र रोजिनको उत्पादनमा ह्रास आएको छ।

७. समीक्षा वर्षको अन्त्यसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १६.७५ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ भने उक्त क्षेत्रमा प्रवाह भएको कर्जा २०८० असार मसान्तको तुलनामा ४.७९ प्रतिशतले ह्रास भई रु.२५ अर्ब ६० करोड १८ लाख पुगेको छ।

## सेवा

८. समीक्षा वर्षमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा ४.१७ प्रतिशतले कमी आएको छ भने होटल शैयाको संख्या १.४७ प्रतिशतले घटेको छ।

९. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ८.२३ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशन राजस्व ३१.०४ प्रतिशतले बृद्धि भएको छ।

१०. २०८१ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा १६.०९ प्रतिशतले बढेको छ भने कर्जा प्रवाह ०.७५ प्रतिशतले वृद्धि भएको छ।

११. समीक्षा वर्षमा यातायात साधन संख्या ४.१२ प्रतिशतले वृद्धि भएको छ ।

१२. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ७२.४४ हिस्सा सेवा क्षेत्रमा प्रवाहित भएको छ ।

१३. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ बिनियोजन भएको बजेटमध्ये समीक्षा वर्षमा ६६.५५ प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये ६२.०६ प्रतिशत खर्च भएको छ ।

## पूर्वाधार

१४. २०८० फागुनसम्ममा यस प्रदेशका विभिन्न जलविद्युत आयोजनाहरुबाट कुल १७१ मेगावाट विद्युत उत्पादन भएको छ ।

१५. आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशबाट जम्मा २४ हजार २५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन ६५.७७ रहेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्था, आधार एवम् गुणस्तरको जानकारी प्राप्त भई आर्थिक विकास तथा स्थायित्व प्राप्त गर्न र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा (२०८० साउनदेखि २०८१ असार मसान्तसम्म) आधारित रहेको छ ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात् प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ । विगत केही वर्षदेखि यस्तो प्रतिवेदन प्रदेशगत रुपमा तयार गर्ने गरिएको छ । सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी जम्मा ९ जिल्लाहरु समेटेर प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै, यस पटक अध्ययन प्रतिवेदनमा धनगढीमा व्यवसायिक फूलखेती र प्रदेशको पर्यटन स्थिति अध्ययन गरी संलग्न गरिएको छ ।

नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट, सिँचाई सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ । यसैगरी शिक्षा क्षेत्रको तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाई, विश्वविद्यालय तथा प्राविधिक शिक्षालयबाट लिईएको छ भने स्वास्थ्य क्षेत्रको तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट लिईएको छ । यसैगरी विद्युत पहुँचको तथ्याङ्क जिल्लास्थित विद्युत प्राधिकरणबाट लिईएको छ । उल्लिखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १३ वटा उद्योगहरुको गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको आर्थिक अनुसन्धान विभाग मार्फत् लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, घर जग्गा रजिष्ट्रेशन/राजस्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालय, सडक सञ्जाल सम्बन्धी तथ्याङ्क पूर्वाधार विकास कार्यालय र डिभिजन सडक कार्यालयहरुबाट लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ। यसका साथै यस प्रदेशमा रहेका ६ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देश प्रादेशिक संरचनामा गईसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। यसका साथै, तथ्याङ्कहरुमा नियमित अद्यावधिकता तथा समयमा प्राप्त नहुने समस्या पनि विद्यमान नै रहेको छ।

सेवा क्षेत्र अन्र्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिकता मानी विश्लेषण गर्ने गरिएको छ।


## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो वार्षिक अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ। उक्त मार्गदर्शनले तोके बमोजिम यस प्रतिवेदनमा देहाय बमोजिमका ७ परिच्छेदहरु रहेका छन्।

| | |
|---|---|
| परिच्छेद १ | अध्ययन परिचय |
| परिच्छेद २ | प्रदेशको तुलनात्मक स्थिति |
| परिच्छेद ३ | कृषि क्षेत्र |
| परिच्छेद ४ | उद्योग क्षेत्र |
| परिच्छेद ५ | सेवा क्षेत्र |
| परिच्छेद ६ | पूर्वाधार र रोजगारी |
| परिच्छेद ७ | आर्थिक परिदृश्य |

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय अर्थतन्त्रको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ता मुल्यमा ३.८७ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ । साथै, अघिल्लो वर्षको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.३१ प्रतिशत र उपभोक्ता मूल्यमा १.९५ प्रतिशत हुने संशोधित अनुमान गरेको छ। आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको आर्थिक वृद्धिदर क्रमशः २.७२ प्रतिशत, १.४० प्रतिशत र २.३६ प्रतिशत रहने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा उक्त क्षेत्रको वृद्धिदर आधारभूत मूल्यमा क्रमशः ३.०३ प्रतिशत, १.२० प्रतिशत र ४.५० प्रतिशत रहने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदानको हिस्सा क्रमशः २४.४२ प्रतिशत, १३.१० प्रतिशत र ६२.४८ प्रतिशत हुने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको २४.५६ प्रतिशत, द्वितीय क्षेत्रको १२.५३ प्रतिशत र तृतीय क्षेत्रको ६२.९० प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ।




*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

मुख्य औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.०९ प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ७५.९१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्षको कृषि क्षेत्र (कृषि, वन र मत्स्य) को कुल मूल्य अभिवृद्धि (GVA) ३.०५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। त्यसैगरी, गैर-कृषि क्षेत्रको मात्र ३.७५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा राष्ट्रिय तहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार दोस्रोमा, सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा तेस्रोमा र शिक्षा चौथो स्थानमा रहेका छन्।


## २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ४ खर्ब ४ अर्ब हुने अनुमान गरिएको छ भने गत आ.व. मा करिब ३ खर्ब ८१ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर १.५२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०८०/८१ मा बृद्धि भई ३.४१ प्रतिशत कायम रहने अनुमान गरिएको छ। प्रदेशले चालु आर्थिक वर्षमा देशको कुल गार्हस्थ्य उत्पादनमा ७.०९ प्रतिशत योगदान पुर्‍याउने अनुमान छ।

बृहत औद्योगिक वर्गीकरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३३ प्रतिशत योगदान कृषि, वन, तथा मत्स्य क्षेत्रको र सबैभन्दा कम ०.१३ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी

क्षेत्रको रहने अनुमान छ । गत आ.व. २०७९/८० मा पनि कृषि क्षेत्रको योगदान (३२.४५ प्रतिशत) अग्रस्थानमा र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान (०.१२ प्रतिशत) अन्तिम स्थानमा रहने संशोधित अनुमान गरिएको छ ।

**चार्ट २.२ : वृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा**




*श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*


## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा जारी आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन सम्बन्धी प्रतिवेदनका अनुसार चालु आर्थिक वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको आर्थिक वृद्धिदर भन्दा बढ्ने अनुमान गरिएको छ ।

### *(क) कुल गार्हस्थ्य उत्पादन:*

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५७ खर्ब ४ अर्ब हुने अनुमान गरिएकोमा ३६.३६ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको रु. २० खर्ब ७४ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.२८ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिब रु. २ खर्ब ४४ अर्ब हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुर्‍याउने प्रदेशहरूमा क्रमशः कोशी (१५.८३ प्रतिशत), लुम्बिनी (१४.२७ प्रतिशत), मधेस (१३.१२ प्रतिशत), गण्डकी (९.०६ प्रतिशत) र सुदूरपश्चिम प्रदेश (७.०९ प्रतिशत) रहेका छन् ।

चार्ट २.३ : आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

### *(ख) आर्थिक वृद्धि:*

कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर चालु आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा ३.८७ प्रतिशत अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक बृद्धिदर सबैभन्दा बढी ४.५५ प्रतिशत र कर्णाली प्रदेशको बृद्धिदर सबैभन्दा कम ३.३९ प्रतिशत रहने अनुमान गरिएको छ ।

संशोधित अनुमान अनुसार गत आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको बृद्धिदर सबैभन्दा बढी ३.३० प्रतिशत रहने र मधेश प्रदेशमा सबैभन्दा कम १.५० प्रतिशत रहने देखिएको छ । गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर १.५२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.४१ प्रतिशत रहने अनुमान गरिएको छ ।

चार्ट २.४ : प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

### *(ग) क्षेत्रगत योगदान:*

आर्थिक वर्ष २०८०/८१ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३५.३४ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १६.७६ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७७.४२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ ।

चार्ट २.५ : आ.व. २०८०/८१ मा प्रदेशस्तरीय बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा)





*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

आर्थिक वर्ष २०८०/८१ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमश: ३३.२४ प्रतिशत, १२.४५ प्रतिशत र ५४.३१ प्रतिशत रहने अनुमान छ ।

सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रको विगत केहि वर्षअघि तथा हालको संरचनागत विश्लेषण गर्दा प्राथमिक र द्वितीय क्षेत्रको योगदान घटेको देखिन्छ भने तृतीय क्षेत्रको योगदान बढ्दै गइरहेको देखिन्छ ।

चार्ट २.६ : सुदूरपश्चिम प्रदेशको उत्पादनमा बृहत आर्थिक क्षेत्रको योगदान (प्रतिशतमा)




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

- सुदूरपश्चिम प्रदेशमा धार्मिक पर्यटनको अपार सम्भावना रहेको छ । संघीय सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा समेत निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशलाई विशिष्टिकृत आर्थिक केन्द्रको रुपमा विकास गरिने योजना अनुरुप सुदूरपश्चिमलाई धार्मिक पर्यटन हव बनाइने उल्लेख रहेको छ । बडीमालिका, मालिकार्जुन,

त्रिपुरासुन्दरी, उग्रतारा, बैजनाथ, सिद्धनाथ, बेंहडाबाबा लगायत धार्मिक पर्यटकीय स्थलहरुको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ । साथै, खप्तड, रामारोशन, अपी नाम्पा, सैपाल क्षेत्रमा आवश्यक पर्यटकीय पूर्वाधारको विकास र प्रचार प्रसार गर्न सकिएमा पर्यटन क्षेत्रबाट प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

- सुदूरपश्चिम प्रदेशमा उच्च सम्भावना बोकेको अर्को क्षेत्र जलविद्युत हो । यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा लगायतका नदीहरुबाट विद्युत उत्पादन र प्रदेशमा सिंचाईको विस्तार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । साथै, यस प्रदेशमा सौर्य र वायु ऊर्जा उत्पादनका आयोजनाको लागि पनि उत्तिकै सम्भावना रहेको छ ।
- सुदूरपश्चिम प्रदेशमा कृषिको क्षेत्रमा पनि प्रचूर सम्भावनाहरु रहेको छ । कृषि क्षेत्रको विकासका लागि प्रदेश सरकारले विभिन्न किसिमका कार्यक्रमहरु जस्तैः पढदै कमाउदै कृषि कार्यक्रम, हातमा ठेला निधारमा पसिना खेतबारीमा फसल, खेतबारी नराखौं बाँझो अन्नबाली फलाऔ मिलाई चाजोपाजो र कृषिमा आत्मनिर्भर सुदूरपश्चिम जस्ता कार्यक्रमहरु तथा अभियानबाट कृषि क्षेत्रको विकास भई कृषिमा आत्मनिर्भर हुने देखिन्छ । प्रमुख नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन वृद्धि भई आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना रहेको ।
- २०७८ सालको जनगणना अनुसार सुदूरपश्चिम प्रदेशमा विश्वव्यापी मान्यताअनुसार सक्रिय जनसंख्या मानिने १५-६४ वर्ष उमेर समूहमा ६२.४० प्रतिशत जनसंख्या रहेकोमा जनसांख्यिक लाभ लिन सकेमा आर्थिक विकासको प्रचुर सम्भावना रहेको।
- गुणस्तरीय मासु उत्पादनका लागि बाखा, ग्रामीण कुखुरा, कालिज, बंगुर तथा भैसीपालन कार्यक्रम तथा व्यवसायिक मत्स्यपालनका लागि कैलाली र कन्चनपुर जिल्लामा नयाँ पोखरी निर्माणका साथै प्राकृतिक जलाशयमा माछाको उत्पादकत्व वृद्धि गरी माछामा प्रदेशलाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको ।
- प्रदेश गौरवका आयोजनाहरु जस्तै सहजपुर-दिपायल-बोगटान सडक, खप्तड-मार्तडी सडक, सतबाँझ-श्रीभावर सडक आदीको निर्माण तथा स्तरोन्नती कार्य तीव्र गतिमा अघि बढेमा आर्थिक गतिविधि थप विस्तार हुने सम्भावना रहेको ।
- "उद्यमी युवा विकासमा टेवा" भन्ने मूल नाराका साथ युवाहरुमा सकारात्मक सोच, सीप दक्षता, उद्यमशिलता विकास गर्न यस प्रदेशमा Business Incubation Centre को स्थापना मार्फत् नवपर्वतनको विकास गर्न सकिने सम्भावना छ ।
- प्रदेशस्थित राष्ट्रिय गौरवका आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजना, लम्की मुल नहरको शाखा तथा प्रशाखा नहरबाट जमिनमा सिँचाई सुविधा विस्तार, कन्चनपुर जिल्लाको ब्रम्हदेव क्षेत्रको जमिनमा सिँचाइ सुविधा विस्तार तथा महाकाली सिँचाइ आयोजना निर्माण कार्य तीव्र गतिमा अघि बढे कृषि उत्पादकत्वमा वृद्धि हुने देखिन्छ ।
- सुदूरपश्चिम प्रदेश सरकारले स्थानिय सम्भावना र विशिष्टताको आधारमा एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्ने व्यवस्था भएकोले यसबाट स्थानीय विशिष्टतामा आधारित उद्योगको प्रवर्द्धन गर्न सकिने देखिन्छ ।
- सुदूरपश्चिम प्रदेशका तराई तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा सीप, पुँजी, प्रविधिको प्रयोगमार्फत् उत्पादन प्रक्रियाको यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गरी गरिबी निवारण गर्दै प्रदेशको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनुका साथै, जडिवुटी प्रशोधन उद्योगहरु सञ्चालन गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने ।

## २.३.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

- नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० को नतिजा अनुसार गरिबीको रेखामुनि रहेको जनसंख्या सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा ३४.१६ प्रतिशत रहेको । गरिबीसँगै प्रदेशमा भौगोलिक विकटता, न्यून साक्षरता र न्यून भौतिक पूर्वाधारको विकास पनि चुनौतीका रुपमा रहेको ।

- सुदूरपश्चिम प्रदेशमा जलविद्युतको उच्च सम्भावना भएपनि लगानीको अभावले नयाँ जलविद्युत परियोजना कार्यान्वयनमा ल्याउन सकिएको छैन । २०८० फागुनसम्म सुदूरपश्चिममा जम्मा १ सय ७१ मेगावाट मात्र विद्युत उत्पादन भएको छ ।[1]
- प्रदेश अर्थतन्त्रमा शिथिलता र दीगो आर्थिक वृद्धिदर हुन नसक्दा प्रदेशको आर्थिक अवस्था सुधार हुन नसकेको । धेरै तथा गुणस्तरीय रोजगारी सिर्जना गर्नसक्ने द्वितीय क्षेत्रको प्रादेशिक अर्थतन्त्रमा योगदान पछिल्लो केहि वर्षदेखि घट्दै गइरहेको ।
- प्रदेशमा मानव पुँजी निर्माण गर्न व्यवसायिक, प्राविधिक र बजारमुखी शिक्षा तथा सीपको विकास एवम् तालिम, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन, सहकार्य तथा साझेदारी प्रवर्द्धनमा समस्या रहेको ।
- हिमाली र पहाडी जिल्लाहरुबाट तीव्र रुपमा तराईका जिल्लामा बसाईसराईका कारण खेतीयोग्य जमीन बाँझो हुदै जानु र तराईका जिल्लाको खेतीयोग्य जमिन बसोबासका कारण खण्डित हुदै जानु । साथै, उत्पादनमुलक क्षेत्रमा युवाको आकर्षण घट्दै जानु ।
- सक्रिय उमेर समूहको बाहुल्यता रहेको सुदूरपश्चिम प्रदेशमा प्रदेशमै स्वरोजगार तथा रोजगारको अवसर प्रदान गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको साक्षरता दर ७६.२० प्रतिशत मात्र रहेको छ । भौगोलिक विकटता तथा न्यून भौतिक पूर्वाधारका कारणले पहाडी तथा हिमाली जिल्लाहरुमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधा पुऱ्याउन कठिन रहेको छ ।
- भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको ।
- पर्याप्त सम्भावनाहरु हुँदाहुदै पनि कृषिको आधुनिकीकरण, औद्योगिकीकरण र व्यवसायीकरणका लागि आवश्यक पुँजी, ज्ञान, दक्ष जनशक्तिको अभाव रहेको छ । प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमध्ये ४६.१ प्रतिशत क्षेत्रफल सिँचाइको लागि आकाशे पानीमा भर पर्नुपर्ने अवस्था छ भने केवल २८.८ प्रतिशत क्षेत्रफलमा वर्षैभरि सिंचाई सुविधा उपलब्ध रहेको छ । कृषि उत्पादनहरुको सहज संकलन, भण्डारण र बजारीकरणको अभाव रहेको छ ।
- यस प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यमशीलता विकासको गति न्यून रहेको । नेपालमा दर्ता भएका कुल ठुला उद्योगमध्ये सुदूरपश्चिम प्रदेशमा सञ्चालन गर्न स्वीकृति पाएका उद्योगको संख्या अत्यन्तै न्यून रहेको ।
- पहाडी जिल्लाहरुलाई तराईका जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा पहाड र तराई बीचको अन्तरआवद्धता मजबुत हुन नसकिरहेको ।

[1] *आर्थिक सर्वेक्षण २०८०/८१, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार*

# परिच्छेद ३: कृषि क्षेत्र

सुदुरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा करिब ३३ प्रतिशत योगदान दिने अनुमान गरिएको यस क्षेत्रले उल्लेखनीय रोजगारी सिर्जना गर्ने गरेको छ। प्रदेशका कुल कृषकमध्ये ८८.९० प्रतिशत कृषकले घरायसी खपतका लागि कृषि उत्पादन गर्ने गरेका छन्।[२]

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०८०/८१ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला)ले ढाकेको क्षेत्रफल ७.७१ प्रतिशतले ह्रास भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.१५ प्रतिशतले वृद्धि भएको थियो। प्रदेशका हिमाली र पहाडी जिल्लाहरुबाट तीव्र रुपमा तराईका जिल्लामा बसाईसराईका कारण खेतीयोग्य जमीन बाँझो हुँदै जानु, तराईका जिल्लाहरुको खेतीयोग्य जमिन बसोबासका कारण खण्डित हुदै जानु, सक्रिय उमेरका युवा जनशक्तिको विदेश पलायन लगायतका कारणले समिक्षा वर्षमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफलमा ह्रास आएको देखिन्छ।

**३.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ८.९१ प्रतिशतले ह्रास भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा २.१८ प्रतिशतले ह्रास आएको थियो।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ३.९२ प्रतिशतले घटेको छ भने मकै, गहुँ, कोदो, जौं, फापर सुर्ती, भटमास, दलहन, तेलहन आदीको क्षेत्रफलमा क्रमशः १७.९८ प्रतिशत, ७.३९ प्रतिशत, २८.०४ प्रतिशत, ०.८८ प्रतिशत, ७३.१६ प्रतिशत, १०० प्रतिशत, ३.४४ प्रतिशत २०.८७ प्रतिशत, २१.९३ प्रतिशतले ह्रास आएको छ। आलु र उखुको क्षेत्रफल क्रमशः ४.८३ प्रतिशत र ०.५३ प्रतिशतले वृद्धि भएको छ।

**३.१.२ तरकारी तथा बागबनी :** समीक्षा वर्षमा तरकारी तथा बागबनीले ढाकेको क्षेत्रफल ४.९६ प्रतिशतले ह्रास भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ५.९५ प्रतिशतले वृद्धि भएको थियो।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला वालीले ढाकेको क्षेत्रफल ३.३१ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल २.३० प्रतिशतले वृद्धि भएको थियो।




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश।*

[२] *आर्थिक सर्वेक्षण २०८०/८१, आर्थिक मामिला मन्त्रालय, सुदुरपश्चिम प्रदेश सरकार*

**जिल्लागत स्थिति :** आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३३.४५ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको सबैभन्दा कम ४.४१ प्रतिशत रहेको छ। समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४५.४८ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.७३ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३७.७२ प्रतिशत र बैतडी जिल्लाको हिस्सा सबैभन्दा कम ३.३५ प्रतिशत रहेको छ।

**तालिका ३.१ : आर्थिक वर्ष २०८०/८१ मा कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**


| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | १९,३६८.४३ | १,०८०.०० | ९५३.०० | ४.५८ | ४.६२ | ४.७५ |
| बैतडी | ३१,३०६.६३ | १,१३०.०० | ६७१.५० | ७.४१ | ४.८३ | ३.३५ |
| डडेल्धुरा | २१,१०८.३९ | २,०६०.०० | २,१५९.०० | ५.०० | ८.८१ | १०.७६ |
| कञ्चनपुर | ९५,२३५.८४ | ४,०६५.०० | १,५१५.०० | २२.५४ | १७.३८ | ७.५५ |
| बझाङ | २८,०८४.७८ | ७२२.०० | १,५०६.०० | ६.६५ | ३.०९ | ७.५० |
| बाजुरा | १८,६५३.५८ | ६३८.०० | १,६२९.०० | ४.४१ | २.७३ | ८.१२ |
| डोटी | ३३,९२८.७७ | २,३५९.०० | ३,११७.०० | ८.०३ | १०.०८ | १५.५३ |
| अछाम | ३३,५०९.८० | ६९९.०० | ९५०.३० | ७.९३ | २.९९ | ४.७३ |
| कैलाली | १,४१,३४०.१४ | १०,६३९.०० | ७,५७२.०० | ३३.४५ | ४५.४८ | ३७.७२ |
| **जम्मा** | ४,२२,५३६.३६ | २३,३९२.०० | २०,०७२.८० | १००.०० | १००.०० | १००.०० |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश।*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८०/८१ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन २.८५ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष समग्र कृषि बालीको उत्पादनमा ९.९७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा प्रदेशको कुल सिँचित क्षेत्रफलमा भएको वृद्धि, कृषिमा यान्त्रिकीकरण तथा आधुनिकीकरण बढ्दै गएको, उन्नत जातको बीउ बिजनको प्रयोग बढ्दै गएको, उपयुक्त मौसम तथा पर्याप्त वर्षाका कारण कृषि उत्पादनमा झिनो वृद्धि भएको देखिन्छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश।*

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ३.६४ प्रतिशतले वृद्धि भएको देखिन्छ। प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापर र जौंको उत्पादन क्रमश: ६५.७१ प्रतिशत र २५.०३ प्रतिशतले वृद्धि भएको छ भने तेलहनको उत्पादनमा भने सबै भन्दा बढी १८.५३ प्रतिशतले ह्रास आएको छ।

जिल्लागत आधारमा कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, बैतडी र अछाम जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरु बाजुरा, बझाङ र दार्चुलामा उत्पादनमा ह्रास आएको छ। यस्ता बालीको उत्पादन सबैभन्दा बढी बझाङ जिल्लामा ५१.६२ प्रतिशतले वृद्धि भएको छ भने बैतडी जिल्लामा १०.५० प्रतिशतले ह्रास आएको छ।

**३.२.२. तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन ०.९८ प्रतिशतले ह्रास भएको छ। अघिल्लो वर्षको सोही अवधिमा तरकारी उत्पादन १३.४४ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी डोटी जिल्लामा ८.१२ प्रतिशतले वृद्धि भएको छ भने बाजुरा जिल्लामा ३७.४६ प्रतिशतले ह्रास आएको देखिन्छ।

**३.२.३. फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १.९७ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफुल तथा मसला बालीको उत्पादन १०.९६ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन बझाङ जिल्लामा सबैभन्दा बढी ३०.७३ प्रतिशतले वृद्धि भएको छ भने अछाम जिल्लामा सबैभन्दा बढी ८.१३ प्रतिशतले ह्रास आएको देखिन्छ।

**तालिका ३.२ : आर्थिक वर्ष २०८०/८१ मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (मेट्रिक टनमा)**


| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | ५००१५.४४ | १३०३८.०० | ६००५.०० | २.७५ | ४.०९ | ३.१८ |
| बैतडी | ८५७९८.८८ | १४१२१.०० | ६४६५.८५ | ४.७२ | ४.४३ | ३.४३ |
| डडेल्धुरा | ८४४२३.१५ | १८००५.०० | १४२९२.०० | ४.६४ | ५.६४ | ७.५७ |
| कञ्चनपुर | ६७५७४०.८६ | ८२८६१.०० | २१३०९.०० | ३७.१७ | २५.९८ | ११.२९ |
| बझाङ | ८६००१.३० | ९२८९.०० | १०१२०.०० | ४.७३ | २.९१ | ५.३६ |
| बाजुरा | ६२४८४.३० | ५९३०.०० | ७५१०.०० | ३.४४ | १.८६ | ३.९८ |
| डोटी | ११५९१२.५१ | ३०८११.०० | २९२७०.०० | ६.३८ | ९.६६ | १५.५१ |
| अछाम | ७८२१८.७५ | १०५७३.५७ | २५००.५० | ४.३० | ३.३१ | १.३२ |
| कैलाली | ५७९२४९.८२ | १३४३५०.०० | ९१२५९.०० | ३१.८६ | ४२.१२ | ४८.३५ |
| **जम्मा** | १८१७८४५.०१ | ३१८९७८.५७ | १८८७३१.३५ | १००.०० | १००.०० | १००.०० |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश।*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ३७.१७ प्रतिशत र दार्चुला जिल्लाको सबैभन्दा कम २.७५ प्रतिशत रहेको छ। त्यसैगरी, तरकारी तथा वागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.१२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.८६ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४८.३५ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.३२ प्रतिशत रहेको छ।

पछिल्ला तिन आर्थिक वर्षहरुमा कैलाली र कञ्चनपूर जिल्लामा प्रमुख कृषि बालीहरुको जम्मा उत्पादन (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी, फलफुल तथा मसला, चिया, कफी र मह उत्पादन समेत) बढ्दै गएको देखिन्छ। समीक्षा अवधिमा प्रमुख कृषि बालीहरुको जिल्लागत जम्मा उत्पादनको विश्लेषण गर्दा कैलाली जिल्ला अग्रस्थानमा रहेको छ भने दार्चुला जिल्ला अन्तिममा रहेको छ।

चार्ट ३.३ : प्रमुख खाद्य बाली तथा अन्य कृषि उत्पादनको जिल्लागत उत्पादन स्थिति
(हजार मेट्रिक टनमा)




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश ।*

**बक्स १: धनगढीमा व्यवसायिक फूलखेती फस्टाउदै**

धनगढी उपमहानगरपालिकाको फूलमा आत्मनिर्भरको अभियानले थुप्रै युवाहरुलाई व्यवसायिक पुष्प व्यवसाय तर्फ आकर्षित गरेको छ । धनगढी उपमहानगरपालिकाले उत्पादन बजारीकरणको लागि फूल बिक्री केन्द्र र चिस्यान सेवा समेत प्रदान गरेको छ । स्थानीय तहको सहजीकरणले गर्दा दशै तिहारको समयमा धनगढीमा बढी उत्पादन भएको फूल फ्लोरीकल्चर एशोसियनको सहकार्यमा काठमाडौंमा समेत निर्यात गरिएको थियो ।



काठमाडौंमा विमान मार्फत् निकासी गर्दा धनगढी उपमहानगरपालिकाले किसानलाई प्रतिकिलो फूलमा ५० रुपैयाँ ढुवानीमा अनुदान दिएको जनाएको छ । धनगढी उपमहानगरपालिकाले प्लास्टिक प्रयोगमा गरेको प्रतिबन्ध र उत्साहजनक पुष्पखेतीले यस वर्ष दशै तिहारको समयमा प्लास्टिकका फूल तथा मालाहरूको आयात तथा प्रयोग निरुत्साहित भएको अनुमान स्थानीय व्यापारीहरु तथा उपभोक्ताले गरेका छन् । अघिल्लो वर्षहरुमा चाडपर्वका बेला भारतबाट फूल र माला धेरै आयात हुने गरेकोले स्थानीय व्यापारीलाई भारतीय फूलमालासँग प्रतिपर्धा गर्न मुस्किल पर्ने गरेको थियो । देशमै केही गर्न खोजिरहेका युवाहरुलाई लक्षित गरेर सरकारले नयाँ नयाँ कार्यक्रम ल्याउनुका साथै स्थानीय कृषि उत्पादनको उचित व्यवस्थापन, भण्डारण, बजारीकरणमा ध्यान दिए समग्र अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने देखिन्छ ।

*स्रोतः धनगढी उपमहानगरपालिका तथा विभिन्न सञ्चारमाध्यमहरु ।*

## ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपन्छी उत्पादन :** आर्थिक वर्ष २०८०/८१ मा दूध उत्पादन ४.५८ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा दूध उत्पादन ३.२८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादन ९.३२ प्रतिशतले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन २.७६ प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ कुखुरा तथा हाँसको मासु उत्पादन ७.१० प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन १४.९० प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ४.९२ प्रतिशत, भैंसी/राँगोको मासु उत्पादन ३.८८ प्रतिशतले बढेको छ ।

समीक्षा वर्षमा अण्डा उत्पादन ६.४४ प्रतिशत, उन उत्पादन ९.७९ प्रतिशत, छाला उत्पादन २.४४ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ३.०७ प्रतिशत, छाला उत्पादन १.८० प्रतिशत र उन उत्पादन ७.८३ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा माछा उत्पादन ४.९३ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन २.४३ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा मुख्यमन्त्री बाखा पालन कार्यक्रम तथा अन्य बाखा प्रवर्द्धन कार्यक्रम संचालनमा रहेको, व्यवसायिक कुखुरापालन कार्यक्रम तथा व्यवसायमा युवाहरुको आकर्षण, प्रदेश तथा स्थानीय तहबाट माछा पालनको लागि अनुदान कार्यक्रम संचालनमा रहेकोले पशुपन्छीजन्य उत्पादनमा बृद्धि भएको देखिन्छ ।

समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ र दाउरा उत्पादन क्रमशः ६७.९७ प्रतिशत र ११०.६६ प्रतिशतले बृद्धि भएको छ । त्यसैगरी, औषधीजन्य वस्तु तथ अन्य उत्पादन पनि क्रमशः १४१.५८ प्रतिशत र ८३.५० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा काठ र दाउरा उत्पादन क्रमशः १८.३७ प्रतिशत र ३८.८१ प्रतिशतले ऋणात्मक रहेको थियो भने र अन्य उत्पादन ५१.२७ प्रतिशतले वृद्धि भएको थियो।

वन व्यवस्थापन कार्ययोजना, निजी आवादी रुखहरुको कटान, ढलापडा रुखहरुको वृद्धि, सामुदायिक तथा निजी जग्गाबाट समेत जडीबुटी संकलन हुँदा वनजन्य तथा औषधीजन्य उत्पादनमा बृद्धि भएको देखिन्छ ।

**जिल्लागत स्थितिः** समीक्षा वर्षमा दुध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३६.८३ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम ०.९६ प्रतिशत रहेको छ । मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४७.१२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ३.४४ प्रतिशत रहेको छ । त्यसैगरी, अण्डा उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५४.४१ प्रतिशत र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.६१ प्रतिशत रहेको छ ।

**तालिका ३.३ : आर्थिक वर्ष २०८०/८१ मा प्रमुख पशुपंक्षीजन्य उत्पादन**


| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दुध | मासु | अन्डा |
| **दार्चुला** | १७,४११.२० | २,३३६.८६ | ५५६.०० | ६.५१ | ४.८२ | ०.७१ |
| **बैतडी** | १७,५१७.५० | ३,०३८.९० | ३,६८०.०० | ६.५५ | ६.२७ | ४.६८ |
| **डडेल्धुरा** | १५,७४५.०० | २,१३०.०० | ८४४.०० | ५.८८ | ४.३९ | १.०७ |
| **कञ्चनपुर** | ७५,२८५.०० | ७,८४६.७० | २०,८४०.५० | २८.१४ | १६.१८ | २६.५० |
| **बझाङ** | २,५७५.०० | २,९४२.०० | १,६५०.०० | ०.९६ | ६.०७ | २.१० |
| **बाजुरा** | १०,७७५.०० | १,६७०.०० | ४८२.०० | ४.०३ | ३.४४ | ०.६१ |
| **डोटी** | १८,५९२.५६ | ३,२१०.४४ | ४,३२३.५० | ६.९५ | ६.६२ | ५.५० |
| **अछाम** | ११,१२७.०० | २,४७१.५० | ३,४८३.३० | ४.१६ | ५.१० | ४.४३ |
| **कैलाली** | ९८,५४६.०० | २२,८५३.०० | ४२,७९६.०० | ३६.८३ | ४७.१२ | ५४.४१ |
| **जम्मा** | २,६७,५७४.२६ | ४८,४९९.४० | ७८,६५५.३० | १००.०० | १००.०० | १००.०० |

*स्रोतः भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय ।*

## ३.४ सिँचाइ

आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल १२.७६ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ७.९६ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ४४.६८ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ । कुल सिँचित क्षेत्रफलमध्ये ३३.७६ प्रतिशत कुलो र ६४ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट १.६३ प्रतिशत, बोरिङ्ग तथा अन्य सिँचाई प्रणालीबाट क्रमशः ०.४३ र ०.१९ प्रतिशत सिँचाइ भएको देखिन्छ ।

**चार्ट ३.४ : सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**





*स्रोतः जिल्लास्थित जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८१ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८० असार मसान्तको तुलनामा १.३१ प्रतिशतले ह्रास भई रु. १६ अर्ब ५२ करोड ८५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १०.०० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवामा १९.३७ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम ०.००३ प्रतिशत सनपाट शीर्षकमा प्रवाह भएको छ ।

**चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.८१ प्रतिशत रहेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.४५ प्रतिशत, कञ्चनपुरको २०.७९ प्रतिशत, डडेल्धुरा, डोटी, बझाङ, दार्चुला, बैतडी, अछाम तथा बाजुराको अंश क्रमश: ३.४४ प्रतिशत, १.८६ प्रतिशत, १.८२ प्रतिशत, १.७४ प्रतिशत, १.४८ प्रतिशत, १.३४ प्रतिशत र १.०७ प्रतिशत रहेको छ।

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरु:

- प्रदेशमा रहेको सक्रिय श्रमशक्तिलाई कृषि व्यवसायमा संलग्न गराई सक्षम वातावरण सिर्जना मार्फत पहाडी तथा हिमाली जिल्लाहरुबाट तराईका जिल्लाहरुमा भइरहेको तिव्र बसाँइसराई कम गर्ने कार्य चुनौतीपूर्ण रहेको।
- प्रदेशमा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन खेतीयोग्य जमिनहरुलाई लिज एवम् करार खेती र सामुहिक खेती मार्फत प्रयोगमा ल्याउन आवश्यक नीति निर्माण तथा कार्यान्वय गर्नु।
- सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानलाई अभिवृद्धि गर्न यस क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण र विविधिकरण मार्फत agri-business linkage स्थापित गर्नु चुनौतीपूर्ण रहेको।
- प्रदेशमा गुणस्तरीय बीउवीजन र मलखादको अनुपलब्धता हटाई सो सम्बन्धी आपूर्ति प्रणाली सुदृढीकरण गर्दै स्वदेशमै उत्पादित बिउ र मलखादको प्रवर्द्धन मार्फत् आत्मनिर्भरता बढाउनु।
- प्रदेशमा उत्पादित कृषि उपजहरुको विक्री वितरणमा बिचौलियाको प्रभुत्व हटाउने र कृषि उपजहरुको न्यूनतम समर्थन मुल्य कायम गर्नु।
- किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चित गर्नु।
- कृषि क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक ज्ञान तथा तालिम प्रदान गर्ने तथा युवाहरुमा कृषि उद्यमशिलता विकास गरी यस क्षेत्रमा आकर्षण बढाउनु।
- प्रदेशमा रहेको खेतीयोग्न जमिनको खण्डिकरणलाई निरुत्साहित गर्नु।
- भारतबाट कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी स्थानीय कृषकहरूले सस्तोमा आफ्नो कृषि उत्पादन बेच्नु पर्ने समस्याको निराकरण गर्नु।

### सम्भावनाहरु:

- आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफलमा भएको वृद्धि र प्रदेशमा निर्माणाधिन रानी जमरा कुलरिया सिंचाइ आयोजना तथा महाकाली सिंचाइ आयोजनाले कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्ने सम्भावना रहेको।
- प्रदेशमा पशु नश्ल सुधार कार्यक्रम, पशुपन्छीमा महामारी नियन्त्रणको लागि खोप अभियान तथा पशु आहारा विकास कार्यक्रम जस्ता नीतिहरुका कारण पशुपन्छीको उत्पादन बढ्ने सम्भावना रहेको।
- सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको विकासका लागि संचालन गरिरहेको विभिन्न कार्यक्रम, कृषि अनुसन्धान र शिक्षा कार्यक्रमले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि हुने सम्भावना रहेको।
- आ.व २०८०/८१ को प्रादेशिक वार्षिक बजेट वक्तव्यमा कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापनको लागि कार्यविधि निर्माण गरिने व्यवस्था, पहाडी तथा हिमाली जिल्लामा उत्पादित कृषि वस्तु उत्पादनस्थल देखि बजारसम्म नि:शुल्क ढुवानी गर्नका लागि बजेट समेत विनियोजन भएको।
- प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को प्रभावकारी कार्यान्वयन गर्न सकेमा तराई तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास हुने सम्भावना देखिन्छ।

- प्रादेशिक वार्षिक बजेट २०८०/८१ मा बीउविजन, बेर्ना, रासायनिक तथा प्रांगारिक मल, माछा भुरा, कृषि ऋणको व्याज तथा विद्युत महशुलमा सहुलियतको व्यवस्थाले उत्पादन लागत घट्न गई आम कृषकहरुको आम्दानी अभिवृद्धि हुने सम्भावना रहेको ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेल्धुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेल्धुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनमा रहेको ।
- सक्रिय जनसंख्या मानिने १५-६४ वर्ष उमेर समूहमा यस प्रदेशमा रहेका ६२.४० प्रतिशत जनसंख्यालाई कृषि सम्बन्धी ज्ञान, सीप, तालिमबाट कृषि प्रणालीसँग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने ।


# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटा, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु दर्ता रहेकोमा १३ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ। यद्यपि, प्रशोधित दुधको उद्योग भने हाल सञ्चालनमा नरहेको हुँदा सोको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छैन।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको नमुना छनौटमा समेटिएका १२ उद्योगको औसत क्षमता उपयोग ४८.९६ प्रतिशत छ। समीक्षा वर्षमा ईँटा, चिनी, गहुँको पिठोको उत्पादन गर्ने उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ। त्यसैगरी, साबुन, रोजिन र चामल उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग न्यून रहेको छ। रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको ढिलाई, उद्योग पूर्ण रुपमा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून हुन गएको छ।

पछिल्लो समयमा बजारमा देखिएको शिथिलताका कारण कर्जाको समष्टिगत मागमा कमी आई थप लगानी हुन नसकेकोले औद्योगिक क्षमता र उत्पादन दुवैमा कमी आएको देखिन्छ। अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ३ सय ४७ जना रहेको छ जसमा ३१२ जना भारतीय नागरिकहरु रहेका छन्। रोजगारीमा आवद्ध महिला तथा पुरुषको अंश क्रमशः ११ प्रतिशत र ८९ प्रतिशत रहेको छ।




स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु।

समीक्षा वर्षमा चामलको उत्पादन ३६.६९ प्रतिशत र गहुँको पीठो २१.७८ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, तोरीको तेल, साबुन, ईटा, चिनी र रोजिनको उत्पादन भने क्रमशः ५०.६८ प्रतिशत, २३.७७ प्रतिशत, २२.२२ प्रतिशत, १६.१६ प्रतिशत र ३.४७ प्रतिशतले घटेको छ। यस्ता वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग घटेको कारण उत्पादनमा ह्रास आएको देखिन्छ।

सुदूरपश्चिम प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ का अनुसार आर्थिक वर्ष २०८०/८१ को फागुनसम्ममा यस प्रदेशमा १ हजार ५ सय ५ नयाँ उद्योग दर्ता भएका छन्। उद्योगहरुको प्रति उद्योग रोजगार दर ३.०७ रहेको छ। यसरी प्रदेशमा स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै उत्पादन बढाउन सके सुदूरपश्चिम प्रदेशको पूर्वाधार निर्माणमा थप टेवा पुग्ने देखिन्छ।

**तालिका ४.१ : सुदूरपश्चिम प्रदेशमा उद्योग दर्ता (लगानी र पुँजी रु. करोडमा)**


| उद्योगको प्रकृति | जम्मा संख्या | कुल लगानी | स्थिर पूँजी | चालु पूँजी | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| उत्पादनमूलक | २१५ | १६.७ | ९.० | ७.६ | ३७२ |
| कृषि तथा वनजन्य | ७८५ | ९२.३ | ४९.३ | ४३.० | २४८१ |
| पर्यटनमूलक | ४६ | ४.३ | २.४ | १.९ | १४२ |
| सेवामूलक | ४३४ | ६७.७ | ३५.८ | ३२.० | १४८४ |
| पूर्वाधार | १८ | ३.९ | २.१ | १.८ | १२३ |
| सूचना तथा प्रविधि | ७ | ०.६ | ०.३ | ०.३ | १९ |
| **कुल जम्मा** | **१५०५** | **१८५.६** | **९९.०** | **८६.६** | **४६२१** |

*स्रोत : आर्थिक सर्वेक्षण २०८०/८१, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८१ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा ४.७९ प्रतिशतले कमी भई रु.२५ अर्ब ६० करोड १८ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.७० प्रतिशतले बढेको थियो। कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १६.७५ प्रतिशत रहेको छ। समीक्षा वर्षसम्ममा कुल औद्योगिक कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ३.२० प्रतिशतले वृद्धि भएको छ भने विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगमा सबैभन्दा बढी १२.१३ प्रतिशतले ह्रास आएको छ।

**चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक।*

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४१.२६ प्रतिशत, गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा २८.३५ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २१ प्रतिशत, धातुको उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ७.५५ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा १ प्रतिशत र खानीसम्बन्धी उद्योगमा ०.८० प्रतिशत अंश रहेको छ।

**तालिका ४.२ : जिल्लागत औद्योगिक कर्जा प्रवाह**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | १०६.६२ | ०.४१ |
| बझाङ | १०७.२७ | ०.४२ |
| दार्चुला | १२५.४५ | ०.४९ |
| बैतडी | १२६.६२ | ०.५० |
| डडेल्धुरा | ४२५.६१ | १.६७ |
| डोटी | २४१.२२ | ०.९४ |
| अछाम | १७०.४३ | ०.६६ |
| कैलाली | २०,०८१.९३ | ७८.४४ |
| कञ्चनपुर | ४,२६१.६५ | १६.६५ |
| **जम्मा** | **२५,६०१.८२** | **१००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७८.४४ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.४१ प्रतिशत रहेको छ । यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, बैतडी, दार्चुला, तथा बझाङ को अंश क्रमशः १६.६५ प्रतिशत, १.६७ प्रतिशत, ०.९४ प्रतिशत, ०.६६ प्रतिशत, ०.५० प्रतिशत, ०.४९ प्रतिशत, र ०.४२ प्रतिशत रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

- स्वदेशी उत्पादनको गुणस्तरीय तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी भारतीय बजारबाट आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्नु ।
- समग्र मागमा कमी, औद्योगिक असुरक्षा, चौबिसै घण्टा बिद्युत आपूर्तिको सुनिश्चितता, असहज श्रम सम्वन्ध, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी, गुणस्तरीय कच्चा पदार्थको अभाव आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको ।
- स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको पूर्ण उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता र क्षमता अभिवृद्धि गर्नु ।
- निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु तथा बस्तुहरुको विविधिकरण एवम् उत्पादकत्व बढाउनु ।
- पर्याप्त अनुसन्धान, अन्वेषण र सम्भाव्य क्षेत्रको पहिचान गरी औद्योगिकरण र उद्यमशीलता विकास गर्नु ।
- मुलतः प्रदेशका दुर्गम क्षेत्रहरुमा गरिबीको दुष्चक्र हटाई बढ्दो आयसँगै बचत र लगानी बृद्धि गरी उद्योगतर्फ लगानी आकर्षित गर्नु ।
- हाल सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने वातावरणको निर्माण गर्नु ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यमको विकासमा जोड दिनु ।
- पुँजी, प्रविधि र सीप सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई स्टार्टअप उद्यममा आकर्षित गर्नु ।

### सम्भावनाहरुः

- पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता अत्याधिक जलप्रवाह क्षमता भएका नदीहरु एवम् प्रशस्त ताल तलैया र पोखरीहरु रहेको यस प्रदेशमा ऊर्जामुलक उद्योग अन्तर्गत जलविद्युतको अधिक सम्भाव्यता रहेको ।

- यस प्रदेशको विभिन्न जिल्लाहरुमा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिबुटी यार्सागुम्बा, पाँचऔले, भ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधन गर्ने कृषि तथा बन पैदावारमा आधारित उद्योगहरु स्थापना गर्न सकिने सम्भावना रहेको ।
- कैलाली र कञ्चनपुर जिल्लामा कृषि उत्पादनका लागि उर्वर भुमी रहेकोले कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गहुँ, दलहन तथा नगदेबाली) को स्थापना गरी भारतबाट हुने खाद्यान्नको आयातलाई नियन्त्रण गर्न सक्ने सम्भावना रहेको ।
- डडेल्धुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने सम्भावना कायम हुनु ।
- नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गर्न सकिने ।
- यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने ।
- अल्लो प्रशोधन तथा बाँस निगालो, दार्चुलामा चिउरी प्रशोधन केन्द्र उद्योग स्थापना गर्न सकिने ।
- पर्यटकीय गन्तव्यहरुको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान गरी पर्यटन उद्योगलाई प्रोत्साहन गर्न सकिने ।
- तिब्र आर्थिक वृद्धि र बिकास गरिरहेको छिमेकी मुलुकमा बस्तु तथा सेवाको निर्यात वृद्धि गर्ने सम्भावना रहनु ।
- प्रदेशमा पछिल्लो समय रोजगारीका लागि विदेश गएर घर फर्केका युवा विभिन्न उद्योग व्यवसायमा आकर्षित हुदै जानु ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमा ४६ वटा पर्यटकस्तरीय होटलहरु सञ्चालनमा रहेका छन् । समीक्षा वर्षमा पर्यटकस्तरीय होटल तथा लजको संख्यामा ४.१७ प्रतिशतले कमी आएको छ भने होटल शैंयाको संख्या १.४७ प्रतिशतले घटेर १ हजार ६ सय ७ पुगेको छ । समीक्षा वर्षमा अध्ययन क्षेत्रका नमुनाको रुपमा छनौट गरिएका प्रमुख होटलहरुको औषत अकुपेन्सी क्षमता ४२.४ प्रतिशत रहेको छ । यसैगरी, पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.८५ प्रतिशतले वृद्धि भई ६ सय ४ पुगेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशमा २४ हजार ४ सय ४० जना भारतीय, ८ सय ५० चिनीँया तथा ५ हजार ६ सय पचासी तेस्रो मुलुकको गरी जम्मा ३० हजार ९ सय २५ जना बाह्य पर्यटकहरुले भ्रमण गरेका छन् । कोरोना महामारीको प्रभाव नरहेको र आर्थिक गतिविधि चलायमान तथा सडकहरुको स्तरोन्नती भएसँगै बाह्य पर्यटकको संख्यामा गत वर्षको तुलनामा ५३ प्रतिशतले उत्साहजनक वृद्धि भएको देखिन्छ ।

### बक्स २ : पर्यटन क्षेत्रको वस्तु स्थिति

***यस प्रदेशमा रहेका ४६ वटा पर्यटकस्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमुनाको रुपमा छनौट गरिएका १० वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

समीक्षा वर्षमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ४२.४ प्रतिशत रहेको पाइएको छ । समीक्षा वर्षमा यी नमूना होटलहरुमा स्वदेशी पर्यटकहरु करीब ४४,१०३ जना, भारतीय पर्यटकहरु १६,७७२ जना, चिनीयाँ पर्यटक ५६४ जना तथा तेस्रो मुलुकबाट आएका ३९६८ जना गरी जम्मा ६५,४०७ जना आन्तरिक तथा बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा वर्षमा १८२ जना पुरुष तथा ६२ महिला गरी जम्मा २४४ जनाले छनौट गरिएका होटलहरुमा रोजगारी पाएको देखिन्छ ।

**नमुनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०८०/८१** |
|---|---|---|
| | पर्यटकस्तरीय होटल तथा लजको संख्या | १० |
| | जम्मा बेड संख्या | ६१५ |
| | औषत अकुपेन्सी | ४२.४ |
| **पर्यटक आगमन** | **जम्मा** | **६५४०७** |
| | स्वदेशी | ४४१०३ |
| | भारत | १६७७२ |
| | चीन | ५६४ |
| | तेस्रो मुलुक | ३९६८ |
| **रोजगारी** | **जम्मा** | **२४४** |
| | पुरुष | १८२ |
| | महिला | ६२ |


*स्रोत : सम्बन्धित होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा वर्षमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ८.२३ प्रतिशतले घटेको छ। गत वर्ष सोही अवधिमा सो संख्या ३०.०६ प्रतिशतले घटेको थियो । यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ३१.१४ प्रतिशतले वृद्धि भई रु. ८९ करोड भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ५४.०१ प्रतिशतले कमी आएको थियो ।

समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या १९.३३ प्रतिशतले कमी आएको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या ६.२२ प्रतिशतले वृद्धि भएको थियो। सुदूरपश्चिम प्रदेशमा कैलाली जिल्ला बाहेक अन्य सबै जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन संख्यामा बृद्धि भएको छ। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापत संकलन भएको राजश्व भने सबै जिल्लाहरुमा बृद्धि भएको छ।

समीक्षा वर्षमा कैलाली जिल्लामा सबैभन्दा बढी १ हजार ७ सय ३६ वटा घर/भवन नक्सा पास भएका छन् भने बाजुरा, र दार्चुला जिल्लामा घर/भवन नक्सा पास भएको छैन। आर्थिक वर्ष २०८०/८१ मा आर्थिक गतिविधिहरु सुस्त नै रहेको, पहाडी जिल्लाहरुमा घरनक्सा पास गर्ने प्रचलन कमै रहेको र केही जिल्लाहरुमा समीक्षा वर्षमा घरनक्सा पास नभएको कारणले नक्सा पास संख्यामा ह्रास आएको देखिन्छ।




*स्रोतः मालपोत कार्यालयहरु ।*

## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३२९, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४६९ गरी जम्मा ८५६ शाखा सञ्चालनमा छन्। यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६६ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २८ शाखा सञ्चालनमा रहेका छन्। गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३३०, विकास बैंकका ५२, वित्त कम्पनीका ५ तथा लघुवित्त वित्तीय संस्थाका ४५९ गरी जम्मा ८४६ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए।

तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाहरुको जिल्लागत उपस्थिति (२०८१ असार मसान्त)

| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | ० | १४ | २८ |
| बझाङ | २० | १ | ० | १९ | ४० |
| दार्चुला | २१ | २ | ० | १२ | ३५ |
| बैतडी | २२ | २ | ० | २२ | ४६ |
| डडेल्धुरा | २४ | १ | ० | २८ | ५३ |
| डोटी | १९ | १ | ० | ३० | ५० |
| अछाम | १८ | ३ | ० | ३६ | ५७ |
| कैलाली | १३० | ३० | ५ | २०१ | ३६६ |
| कञ्चनपुर | ६२ | ११ | १ | १०७ | १८१ |
| जम्मा | ३२९ | ५२ | ६ | ४६९ | ८५६ |


*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.३.१ निक्षेप तथा कर्जा

२०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा ११.३२ प्रतिशतले बढ्न गई रु. १ खर्ब ४९ अर्ब ४६ करोड ४३ लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो निक्षेप १६.०९ प्रतिशतले वृद्धि भएको थियो ।

२०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०८० असार मसान्तको तुलनामा ०.७५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५२ अर्ब ८४ करोड ५९ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १.५० प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ५.२ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा)




समीक्षा वर्षसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४७.८५ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.३९ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा वर्षसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६९.१३ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९९ प्रतिशत प्रतिशत रहेको छ ।

तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रु. दश लाखमा)


| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ३,५७४.८५ | १,५१५.३२ | २.३९ | ०.९९ |
| बझाङ | ४,९१९.२६ | २,१५६.०४ | ३.२९ | १.४१ |
| दार्चुला | ६,५३५.८४ | २,१८५.५८ | ४.३७ | १.४३ |
| बैतडी | ७,२३३.०४ | २,०११.८६ | ४.८४ | १.३२ |
| डडेल्धुरा | ८,४३३.६८ | ४,५११.२४ | ५.६४ | २.९५ |

| | | | | |
|---|---|---|---|---|
| डोटी | ६,४८०.९८ | २,९२२.२० | ४.३४ | १.९१ |
| अछाम | ६,०२२.७८ | २,७७२.९९ | ४.०३ | १.८१ |
| कैलाली | ७१,५२१.४५ | १०५,६५९.२५ | ४७.८५ | ६९.१३ |
| कञ्चनपुर | ३४,७४२.४४ | २९,१११.५० | २३.२४ | १९.०५ |
| **जम्मा** | **१४९,४६४.३२** | **१५२,८४५.९८** | **१००.००** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा


२०८१ असार मसान्तसम्म कुल निक्षेपकर्ताको संख्या २०८० असार मसान्तको तुलनामा १०.३४ प्रतिशतले बढ्न गई ३७ लाख ९१ हजार ८ सय ६४ पुगेको छ भने कुल ऋणीको संख्या गत आ.व.को तुलनामा ४.३० प्रतिशतले बढ्न गई १ लाख ४ हजार ५३ पुगेको देखिन्छ ।




२०८१ असार मसान्तसम्म विपन्न वर्ग कर्जा २०८० असार मसान्तको तुलनामा १.३९ प्रतिशतले घट्न गई ११ अर्ब ५४ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा ३.० प्रतिशतले घट्न गएको थियो । यसैगरी, २०८१ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जा २०८० असार मसान्तको तुलनामा २९.६२ प्रतिशतले घट्न गई ६ अर्ब ८१ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा ८.३९ प्रतिशतले घटेको थियो । समिक्षा अवधिमा पुनरकर्जा ५ करोड ६० लाख प्रवाह भएको छ

## ५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशका ९ जिल्लामा रहेका नोटकोषहरु (आठ वटा राष्ट्रिय वाणिज्य बैंकमा रहेको तथा १ वटा नेपाल बैंकमा रहेको) मा यस कार्यालयबाट कुल रकम रु. १२ अर्ब ५४ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु. १० अर्ब ७० करोड फण्ड ट्रान्सफर भएको थियो ।




*स्रोत : नेपाल राष्ट्र बैंक धनगढी कार्यालय ।*

## ५.५ यातायात तथा सञ्चार

**(क) यातायात:** समीक्षा वर्षसम्ममा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा ४.१२ प्रतिशतले वृद्धि भई २ लाख ८ हजार ६ सय ६२ पुगेको छ । यसमध्ये मोटरसाइकलको संख्या १.८२ प्रतिशतले वृद्धि भई १ लाख ५५ हजार ३ सय ६३ तथा अन्य सवारी साधनको संख्या २.८० प्रतिशतले वृद्धि भई ४९ हजार १ सय ५४ पुगेको छ ।

**तालिका ५.३ : यातायात साधनको संख्या**

| विवरण | २०७९ असार मसान्त | २०८० असार मसान्त | २०८१ असार मसान्त | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **यातायातका साधनको संख्या** | १,९२,३९० | २,००,४०७ | २,०८,६६२ | ४.१७ | ४.१२ |
| मोटरसाईकल | १,४६,२२८ | १,५२,५९२ | १,५५,३६३ | ४.३५ | १.८२ |
| अन्य | ४६,१६२ | ४७,८१५ | ४९,१५४ | ३.५८ | २.८० |

*स्रोत: यातायात व्यवस्था कार्यालयहरु ।*

**(ख) सञ्चार:** २०८१ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकम तथा एनसेलबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको संख्या गत वर्षको तुलनामा १०.९० प्रतिशत वृद्धि भई २७ लाख ४२ हजार ८ सय ५९ पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको संख्यामा १.६१ प्रतिशत कमी भई २७ लाख ६३ हजार १ सय ९३ पुगेको छ ।

**तालिका ५.४ : सञ्चार सुविधा**

| वितरित टेलिफोन संख्या | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| स्थाई (फिक्स्ड) | १०,५२९ | ८,६४५ | - १७.८९ |
| मोबाइल | २४,६२,८०७ | २७,३२,०६६ | १०.९३ |
| अन्य | | २,१४८ | |
| **कुल जम्मा** | २४,७३,३३६ | २७,४२,८५९ | १०.९० |
| | | | |

| ईन्टरनेट सेवा | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| Fixed Broadband (Wired) | २५,४१७ | २८२८४ | ११.२८ |
| Fixed Broadband (Wireless) | ९०० | २८४३ | २१५.८९ |
| Mobile Broadband | २७,८२,०४५ | २७,३२,०६६ | -१.८० |
| **कुल जम्मा** | **२८,०८,३६२** | **२७,६३,१९३** | **-१.६१** |

* नेपाल टेलिकमबाट वितरित जि.एस.एम मोबाईल सहित सम्पूर्ण टेलिफोन सेवा

*स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण क्षेत्रीय कार्यालय अत्तरिया, कैलाली ।*

## ५.६ शिक्षा तथा स्वास्थ्य

**(क) शिक्षा :** आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा सरकारी, निजी एवं सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय, त्रिभुवन विश्वविद्यालय अर्न्तगत रहेका आंगिक क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालय तथा सो अन्तर्गतका आंगिक क्याम्पस गरी कुल ४,४१७ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा सबै किसिमका अध्ययन संस्थाहरुमा गरी कुल ८ लाख ८४ हजार ५ सय १ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने उक्त संस्थाहरुमा कुल २१ हजार ८ सय ५५ जना शिक्षक/प्राध्यापकहरुले अध्यापन गराउँदै आएका छन् ।

**तालिका ५.५ : शैक्षिक तथ्याङ्क**

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| विद्यालय/क्याम्पस संख्या | ४,४२४ | ४,४५८ | ४,४१७ | ०.७७ | -०.९२ |
| विद्यार्थी संख्या | ९,३१,२८९ | ९,६९,५१७ | ८,८४,५०१ | ४.१० | -८.७७ |
| शिक्षक/प्राध्यापक संख्या | २२,४५८ | २२,६२७ | २१,८५५ | ०.७५ | -३.४१ |

*स्रोत: जिल्ला शिक्षा समन्वय ईकाइ, विश्वविद्यालयहरु ।*

**(ख) स्वास्थ्य सेवा:** आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्ममा यस प्रदेशमा निजी/सामुदायिक/सरकारी गरी कुल ५७ वटा अस्पतालहरु सञ्चालनमा रहेका छन् । उक्त अस्पतालहरुमा कुल १ हजार ४ सय ६३ शैंया मार्फत् ३२९ जना चिकित्सकहरुले सेवा दिइरहेका छन् ।


**तालिका ५.६ : स्वास्थ्य तथ्याङ्क**

| सरकारी/सामुदायिक/निजी अस्पताल | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| अस्पताल संख्या | ४६ | ४८ | ५७ | ४.३५ | १८.७५ |
| चिकित्सक संख्या | २२३ | २३७ | ३२९ | ६.२८ | ३८.८२ |
| शैया संख्या | ९५९ | ९९८ | १४६३ | ४.०७ | ४६.५९ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालयहरु ।*

## ५.७ सेवा क्षेत्र कर्जा

२०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा २.४४ प्रतिशतले बढेर रु. १ खर्ब १० अर्ब ७१ करोड ५६ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ०.४४ प्रतिशतले घटेको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७२.४४ प्रतिशत रहेको छ । समीक्षा वर्षमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता सम्बन्धी व्यवसायमा ४४.४१ प्रतिशत, उपभोग्य कर्जामा ३०.०७ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ९.३६ प्रतिशत, पर्यटनमा ३.१९, यातायात भण्डारण र संचारमा २.१९ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पतिमा १.६७ प्रतिशत, शिक्षा क्षेत्रमा ३.३५ प्रतिशत, रियल स्टेटमा २.७८ प्रतिशत, अन्य सेवा व्यवसायमा १.४२ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.५६ प्रतिशत अंश रहेको छ ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६७.३८ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १९.३८ प्रतिशत, डडेल्धुरा, डोटी, अछाम, दार्चुला, बझाङ, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमशः ४.०७ प्रतिशत, २.१४ प्रतिशत, २.१५ प्रतिशत, १.९७ प्रतिशत, १.५७ प्रतिशत, १.८२ प्रतिशत र १.१० प्रतिशत रहेको छ ।

**तालिका ५.७ : सेवा क्षेत्रमा कर्जा प्रवाहको अवस्था**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. अर्बमा) | सेवा क्षेत्र कर्जा (हिस्सा) |
|---|---|---|
| दार्चुला | २.१८ | १.९७ |
| बैतडी | २.०१ | १.८२ |
| डडेल्धुरा | ४.५ | ४.०७ |
| कञ्चनपुर | २१.४६ | १९.३८ |
| बझाङ | १.७५ | १.५७ |
| बाजुरा | १.२३ | १.१० |
| डोटी | २.३७ | २.१४ |
| अछाम | २.३९ | २.१५ |
| कैलाली | ७४.५९ | ६७.३८ |
| **जम्मा** | **११०.७२** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.८ सहकारी

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २,०६० सहकारीहरुमध्ये नमुनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका ५.८ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिति**


| विवरण | आ.व.२०७८/७९ (असार मसान्त) | आ.व.२०७९/८० (असार मसान्त) | आ.व.२०८०/८१ (असार मसान्त) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ६५७.६८ | ६८५.११ | ७५६.३२ | ४.१७ | १०.३९ |
| कुल बचत (रु. दश लाखमा) | ४४३३.६० | ४७९९.३७ | ५५९७.९९ | ८.२५ | १६.६४ |
| कुल ऋण (रु. दश लाखमा) | ४२९१.१८ | ४३४६.०१ | ४७३४.३० | १.२८ | ८.९३ |
| सदस्य संख्या | ४४,८७३ | ४६,३०० | ५०२९३ | ३.१८ | ८.६२ |
| कर्मचारी संख्या | १७९ | १८२ | २६२ | १.६८ | ४३.९६ |
| संस्था संख्या | १० | १० | १० | | |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा वर्षमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको तुलनामा १०.३९ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ५६ करोड ३२ लाख पुगेको छ । गत वर्ष यस्तो पुँजी ४.१७ प्रतिशतले वृद्धि भई रु.६ अर्ब ८५ करोड ११ लाख पुगेको थियो । यसैगरी, कुल बचत गत वर्षको तुलनामा १६.६४ प्रतिशतले बढ्न गई रु.५५ अर्ब ९७ करोड ९९ लाख पुगेको छ । गत वर्ष यस्तो बचत ८.२५ प्रतिशतले वृद्धी भई रु.४७ अर्ब ९९ करोड ३७ लाख पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको तुलनामा ८.९३ प्रतिशतले वृद्धि भई रु.४७ अर्ब ३४ करोड ३० लाख पुगेको छ । गत वर्ष यस्तो ऋण १.२८ प्रतिशतले वृद्धि भई ४३ अर्ब ४६ करोड १ लाख पुगेको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या ८.६२ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या ४३.९६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा सदस्य संख्या ३.१८ प्रतिशत र कर्मचारी संख्या १.६८ प्रतिशतले वृद्धि भएको थियो ।


**चार्ट ५.६ : नमुनाको रुपमा छनौट गरिएका सहकारीहरुको बचत तथा ऋणको अवस्था (रु. दश लाखमा)**




***नोट :** सहकारी छनौट गर्दा अध्ययन क्षेत्रका प्रत्येक जिल्लाबाट १ वटाका दरले हुने गरी जम्मा ९ वटा तथा कैलाली जिल्लाबाट थप १ गरी जम्मा १० वटा सहकारी छनौट गरिएको छ ।*

## ५.९ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति

आ.व. २०८०/८१ का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.२९ अर्ब २६ करोड ५९ लाख ३२ हजार बजेट बिनियोजन गरेकोमा जम्मा १८ अर्ब ५१ करोड ३५ लाख ७७ हजार खर्च भएको छ जुन कुल विनियोजनको ६३.२६ प्रतिशत हो । आ.व. २०७९/८० मा बिनियोजन भएको बजेटको ६५.४८ प्रतिशत खर्च भएको थियो ।




*स्रोत: वर्षिक मूल्याङ्कन प्रतिवेदन २०८०/८१, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार,*

आर्थिक वर्ष २०८०/८१ मा चालु खर्चतर्फ बिनियोजन भएको रु.११ अर्ब ९४ करोडमध्ये समीक्षा वर्षमा रु.७ अर्ब ९५ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ६६.५५ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ६७.०५ प्रतिशत रहेको थियो । त्यसैगरी, पुंजीगत खर्चतर्फ बिनियोजन भएको रु.१७ अर्ब २ करोडमध्ये रु.१० अर्ब ५६ करोड खर्च भएको छ जुन विनियोजन भएको पुंजीगत खर्चको ६२.०६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ६५.५० प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ.व. २०८०/८१ मा आन्तरिक राजस्व, राजस्व बाँडफाँड, रोयल्टी र नगद मौज्दात गरी कुल प्रदेश स्रोत रु.१४ अर्ब ८४ करोड अनुमान गरेकोमा कुल रु.१३ अर्ब २१ करोड परिचालन गरेको छ जुन कुल प्रदेश स्रोत अनुमानको ८८.९९ प्रतिशत हो ।

आ.व.२०८०/८१ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१४ अर्ब ४२ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा वर्षमा कुल रु.९ अर्ब ६५ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम रु.६ अर्ब ३१ करोड रहेको छ भने सशर्त अनुदानको रकम रु.२ अर्ब ५३ करोड रहेको छ ।

**तालिका ५.९ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण**

| शीर्षक | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७९/८० | २०८०/८१ |
| कुल बजेट विनियोजन (अर्बमा) | ३६.७५ | २४.०६ | २९.२६ | १८.५१ | ६५.४८ | ६३.२६ |
| चालु खर्च (अर्बमा) | १२.३० | ८.२५ | ११.९४ | ७.९५ | ६७.०५ | ६६.५५ |
| पूँजीगत खर्च (अर्बमा) | २४.१४ | १५.८१ | १७.०२ | १०.५६ | ६५.५० | ६२.०६ |
| प्रदेश स्रोत जम्मा* (अर्बमा) | १९.१९ | १६.८५ | १४.८४ | १३.२१ | ८७.८१ | ८८.९९ |
| संघ अनुदान जम्मा (अर्बमा) | १७.५६ | ११.७७ | १४.४२ | ९.६५ | ६७.०६ | ६६.९१ |

**आन्तरिक राजस्व, राजस्व बाँडफाँट, रोयल्टी र नगद मौज्दात गरी जम्मा ।*
*स्रोत: वार्षिक मूल्याङ्कन प्रतिवेदन २०८०/८१, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार ।*

## ५.१० स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०८०/८१ को अध्ययन प्रतिवेदनमा सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ६ वटा स्थानीय तहहरु छनौट गरी अध्ययन गरिएको छ । सुदूरपश्चिम प्रदेशमा विनियोजित भएको बजेटको करीब ३०.७५ प्रतिशत हिस्सा छनौटमा परेका ६ वटा स्थानीय तहहरुमा विनियोजित बजेटको रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा छनौटमा परेका स्थानीय तहहरुमा कुल ८ अर्ब ९९ करोड बजेट विनियोजन भएकोमा समीक्षा वर्षसम्ममा ७ अर्ब ११ करोड खर्च भएको छ जुन कुल विनियोजित बजेटको ७९.४२ प्रतिशत हुन आउँछ । यस्तो बजेट गत आर्थिक वर्षमा ७ अर्ब ६७ करोड विनियोजन भएको थियो भने ६ अर्ब २२ करोड खर्च भएको थियो । जुन कुल विनियोजित बजेटको ८१ प्रतिशत हुन आँउछ ।

**तालिका ५.१० : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०७९/८० | | आ.व.२०८०/८१ | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७९/८० | २०८०/८१ |
| धनगढी उपमहानगरपालिका | २.१२ | १.६५ | ३.९० | ३.२३ | ७७.८३ | ८२.८२ |
| गोदावरी नगरपालिका | १.३४ | १.०८ | १.२५ | ०.९९ | ८०.६० | ७९.२० |
| टिकापुर नगरपालिका | १.१० | ०.९१ | ०.९१ | ०.७० | ८२.७३ | ७६.९२ |
| लम्कीचुहा नगरपालिका | १.१४ | ०.९५ | १.०७ | ०.५७ | ८३.३३ | ५३.२७ |
| भिमदत्त नगरपालिका | १.४० | १.१५ | १.३४ | १.१९ | ८२.१४ | ८८.८० |
| दोधारा चादनी नगरपालिका | ०.५७ | ०.४८ | ०.५१ | ०.४३ | ८४.२१ | ८४.३१ |
| **जम्मा** | **७.६७** | **६.२२** | **८.९८** | **७.११** | **८१** | **७९.१७** |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

समीक्षा वर्षमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदिको कार्यान्वयन अवस्था देहायबमोजिम रहेको देखिन्छ ।

**तालिका ५.११ : आ.व.२०८०/८१ मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | ७१.४३ | ७१ | ३६.२१ | ७६.८४ |
| गोदावरी नगरपालिका | ६०.२३ | ७०.२७ | ९९.५ | ७५.९९ |
| टिकापुर नगरपालिका | ५८.६४ | ७६.८८ | ७९.३० | ७७.४४ |
| लम्कीचुहा नगरपालिका | ७९.७१ | ४४.०१ | - | - |
| भिमदत्त नगरपालिका | ८७.४१ | ७५.२२ | - | - |
| दोधारा चादनी नगरपालिका | ९०.३३ | ७८.३६ | ३२.७८ | ८२.२४ |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

## ५.११ सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

- सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धन मार्फत् आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।

- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि बढाउनु ।
- विद्युतीय सवारी साधनहरु सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु ।
- ग्रामीण क्षेत्रहरुमा स्वास्थ्य तथा शिक्षातर्फ दरबन्दी बमोजिम स्वास्थ्यकर्मी र शिक्षक/शिक्षिकाहरु व्यवस्थापन गरी सेवा प्रदान गर्ने ।
- बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित नियमन तथा सुपरिवेक्षण गर्ने संयन्त्रको विकास गर्नु ।
- सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत् स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी स्वरोजगार अभिवृद्धि गर्नु ।
- सार्वजनिक यातायात सेवा गुणस्तरीय बनाई सर्वसाधारणहरुको यात्रालाई सहज र कम जोखिमयुक्त बनाउनु ।
- विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्ने ।

### सम्भावनाहरुः

- स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
- जनसंख्याको अनुपातमा कर्जा लगानी कम रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
- सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।
- प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।
- कैलालीको गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना भएपश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।
- यस प्रदेशमा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा समेत उल्लेख्य विकास भएकाले आधुनिक प्रविधिको प्रयोगमार्फत् सेवा क्षेत्रलाई थप e-commerce business तर्फ चलायमान बनाउन सकिने ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

२०८० फागुनसम्ममा राष्ट्रियरुपमा विद्युतको पहुँच (वैकल्पिक ऊर्जा समेत) पुगेको जनसंख्या ९७.७ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्तो जनसंख्या ८३.५ प्रतिशत रहेको छ। त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन २ हजार ९ सय ७६ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा १७१ मेगावाट विद्युत उत्पादन भएको छ। प्रदेशमा बुढीगंगा, पञ्चेश्वर, सेती र अपर चमेलिया जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन भएको छ। दार्चुला स्थित ६.९७ मेगावाट क्षमताको नौगाड जलविद्युत आयोजना र बैतडी जिल्लास्थित ७.७१ मेगावाट क्षमताको अपर सुर्नयागाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययन कार्य भइरहेको छ।

आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म यस प्रदेशको जम्मा ८८ स्थानीय तहहरुमध्ये ६ वटा स्थानीय तहको केन्द्रसम्म सडक पहुँच नपुगेको र २६ वटा स्थानीय तहको केन्द्रसम्म सडक पुगेको तर पक्की हुन बाँकी रहेको देखिन्छ।[३]

**तालिका ६.१ : सडक पूर्वाधारको स्थिति**

| नाम | स्थानीय तह | केन्द्रसम्म सडक पहुँच नपुगेको | | केन्द्रसम्म सडक पुगेको तर पक्की हुन बाँकी सडक | | जम्मा सडकको लम्बाई |
|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | सडकको लम्बाई | स्थानीय तह | सडकको लम्बाई | |
| | संख्या | | कि.मि. | संख्या | कि.मि. | |
| सुदूरपश्चिम प्रदेश | ८८ | ६ | ८६ | २६ | ४७२ | ५५८ |
| **नेपाल** | ७५३ | २१ | ४४७ | २०० | २९३६ | ३३८३ |

*स्रोत: सहरी विकास मन्त्रालय, २०८०।*

यस प्रदेशमा सडक पूर्वाधार तर्फ २१२ कि.मि. कालोपत्रे पक्की सडक, १०६ कि.मि खण्डास्मित (ग्रावेल) सडक र १६० कि.मि माटे सडक गरी कुल ४७८ कि.मि. सडक निर्माण सम्पन्न भएको छ।[४]

## ६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

### (क) महाकाली सिँचाई आयोजना

कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाई आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो। यस आयोजनाको पानीको मुल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ। सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ।

यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा बृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ। वि.सं. २०८७/८८ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत ३५ अर्ब

---

[३] *आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय, नेपाल सरकार*

[४] *वार्षिक मूल्याङ्कन प्रतिवेदन, सुदूरपश्चिम प्रदेश (२०८०/८१)।*

रहेको छ । समीक्षा अवधिसम्म १,००० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध भएको छ । महाकाली सिंचाई आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८१ असार मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति २० प्रतिशत र वित्तीय प्रगति पनि २० प्रतिशत रहेको छ । बजेट अभाव, रूख कटानमा समस्या र जमिन अधिग्रहण हुन नसक्दा सिँचाई आयोजना प्रभावित हुन पुगेको देखिन्छ ।

### (ख) रानीजमरा कुलरिया सिँचाई आयोजना

कैलाली जिल्लामा अवस्थित यस आयोजनाले कुल ३८ हजार ३ सय हेक्टर क्षेत्रफलमा सिँचाई उपलब्ध गराउने र ४.७१ मे.वा. विजुली उत्पादन गर्ने लक्ष्य लिएको छ। आयोजनाको अनुमानित कुल लागत २७.७ अर्ब रहेकोमा २०८१ असार मसान्तसम्ममा वित्तीय प्रगति ७२.३९ प्रतिशत रहेको छ । वि.सं. २०८०/८१ मा सम्पन्न हुने लक्ष्य लिएको यस आयोजनाबाट २०८१ असार मसान्तसम्म ११ हजार ७ सय ८९ हेक्टर क्षेत्रफलमा सिँचाई उपलब्ध रहेको र भौतिक प्रगति ७४.३६ प्रतिशत रहेको देखिन्छ। हाल परियोजनामा कुल ६२ पुरुष र ११ महिला गरि ७३ जनाले रोजगारी प्राप्त गरेका छन् ।

### (ग) दोधारा-चाँदनी सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकी

नेपाल सरकारको २०८०/८१ को नीति तथा कार्यक्रमको बुँदा नं ६० मा तीन वर्षभित्र दोधारा चाँदनी सुख्खा बन्दरगाह निर्माण गरिने र महाकाली करिडोर निर्माणलाई प्राथमिकतामा राखिने विषय उल्लेख भएकोमा सम्माननीय प्रधानमन्त्रीको २०८० जेठमा भारत भ्रमणका क्रममा उक्त बन्दरगाह र एकीकृत जाँचचौकी निर्माण गर्ने जिम्मा भारतलाई दिने सहमति भएको छ। दोधारा चाँदनीमा सुख्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी निर्माणसँगै सुदूरपश्चिम प्रदेशमा विकासको ढोका खुल्ने आशा गरिएको छ । दोधारा चाँदनी नगरपालिकाको गौरीशङ्कर र मायापुरी सामुदायिक वन क्षेत्रको २ सय ८० बिघा जमिन अधिग्रहण गरी सुख्खा बन्दरगाह निर्माण हुनेछ। झन्डै रु. ६ अर्ब लागतमा चाँदनी दोधारामा एकीकृत भन्सार जाँच चौकी (आइसिपी) निर्माण हुनेछ। निर्माण पश्चात् भारतको दिल्ली, गुजरात लगायतबाट सुख्खा बन्दरगाहबाट सोझै सुदूरपश्चिममा विभिन्न सामान आयात तथा निर्यात गर्न सकिनेछ ।

### (घ) महाकाली पुल आयोजना



स्रोत : स्थलगत सर्वेक्षण ।

महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि. पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनाको कुल लागत रु. ४२० करोड रहेको छ । त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्की RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदी नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुबैतर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscaping and Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ । यस आयोजनाको निर्माण कार्य २०७४ साल भाद्र २० गतेबाट सुरु भएको हो भने २०८१ कात्तिक २२ भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। २०८१ असार मसान्तसम्म पुल योजनाको समग्र कार्यमा ९५ प्रतिशत प्रगति भएको छ ।

## ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारले सवै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी प्रदेश गौरवका सडक आयोजनाको रुपमा निर्माण कार्य सञ्चालनमा रहेको छ । यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडि परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**तालिका ६.२: प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण**

| क.सं. | जिल्ला | आयोजनाको नाम | २०८१ असार मसान्तसम्मको अवस्था |
|---|---|---|---|
| १. | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक) | जम्मा ६० कि.मि. सडकमध्ये हाल यो सडक खण्ड अन्तर्गत २० कि.मि. कालोपत्रे र ३० कि.मि. upgrading को निर्माण कार्य भइरहेको । |
| २. | बैतडी | सतबाज-श्रीभावर-हाट-दार्चुला सडक | जम्मा ९० कि.मि. सडकमध्ये ४५ कि.मि. को DPR तयार भई ७३ कि.मि कच्ची सडक निर्माण भएको । |
| ३. | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | जम्मा २०३ कि.मि मध्ये २३ कि.मि. कच्ची सडक निर्माण सम्पन्न । |
| ४. | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बझाङ सडक | पोखरा (बेलापुर सडक खण्ड १८ कि.मि. गाईबादे लिप्ना सडक खण्ड १२ कि.मि. सलोन चिर्किट्टे सडक खण्ड ४५ कि.मि. गरी जम्मा ७५ कि.मि. सडक निर्माणाधीन र जोगबुढा लिप्ना सडक खण्ड ५ कि.मि. निर्माण सम्पन्न । |
| ५. | दार्चुला | खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक | जम्मा ९३ कि.मि. सडक मध्ये ३२ कि.मि. निर्माणको ठेक्का सम्झौता भई हाल ६ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न । |
| ६. | बझाङ | दिपायल-साईपाल सडक | विस्तृत ईन्जिनीयरिङ्ग अध्ययन भएको २८.५ कि.मि. मध्ये १४ कि.मि. सडकको खरिद प्रक्रिया पुरा भई निर्माण कार्य भईरहेको । |
| ७. | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | जम्मा १८० कि.मि मध्ये ७८ कि.मि सडकको DPR तयार भई कच्ची सडक निर्माण सम्पन्न । |
| ८. | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर | ४६.९३५ कि.मि. मध्ये १२ कि.मि. कच्ची सडक र २१.०३५ कि.मि. कालोपत्रे सम्पन्न । |
| ९. | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक | जम्मा ६० कि.मि. सडकमध्ये ३४.८ कि.मि.को DPR तयार भई ७ कि.मि कच्ची सडक र २२ कि.मि. कालोपत्रे सडक निर्माण भएको । |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

विगत केही वर्षको तथ्याङ्क विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशमा गौरव आयोजनाहरुको प्रगति सन्तोषजनक रुपमा अघि बढ्न नसकेको देखिन्छ । यद्यपि, प्रदेश गौरव आयोजनाहरु सुदूरपश्चिम प्रदेशको समग्र विकास जस्तै आर्थिक तथा पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य, पयर्टन प्रवर्द्धन, सामाजिक एकता र समृद्धि, कृषि र ग्रामीण विकास र रोजगारी सिर्जना आदिका लागि अत्यन्तै महत्वपूर्ण छन् । यी आयोजनाहरुले गति लिन सकेमा यस क्षेत्रको आर्थिक, सामाजिक, र सांस्कृतिक प्रगतिमा ठुलो योगदान हासिल गर्न सकिने सम्भावना रहेको छ ।

प्रादेशिक गौरवका आयोजनाहरुको सफल कार्यान्वयनका लागि स्पष्ट योजना र प्राथमिकता, समयसीमा निर्धारण, प्रभावकारी समन्वय, स्रोत साधनको समुचित व्यवस्थापन, सम्भावित जोखिमहरुको व्यवस्थापन, समय समयमा समीक्षा र अनुगमन, स्थानीय समुदायको संलग्नता, प्राविधिक विशेषज्ञताका साथै नवीनतम प्रविधिको उच्चतम प्रयोग अपरिहार्य हुने देखिन्छ ।

## ६.४ वैदेशिक तथा आन्तरिक रोजगारी

### (क) वैदेशिक रोजगारी :

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्ममा यस प्रदेशबाट २१ हजार ७ सय ४३ जना पुरुष तथा २ हजार २ सय ८२ जना महिला गरी जम्मा २४ हजार २५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ५.२२ प्रतिशत हुन आँउछ । समीक्षा वर्षमा यस

प्रदेशबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या गत आ.व.२०७९/८० को तुलनामा १२.५ प्रतिशतले घटेको देखिन्छ ।[५]

### (ख) आन्तरिक रोजगारी :

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औषत वेरोजगारी दर समग्र नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ। सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको छ। सुदूरपश्चिम प्रदेशको बेरोजगारी दर ११.५ प्रतिशत रहेको छ। प्रादेशिक तुलनामा प्रति जनसंख्या रोजगारी दर सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम २४.१ प्रतिशत रहेको छ ।

**तालिका ६.३ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था**

| | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या | आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्तिको संख्या | जम्मा रोजगारी दिन | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ८८ | ८० | १,२१० | ७२१ | ४७,४२२ | ६५.७७ |
| नेपाल | ७५३ | ५८५ | ७,५८१ | ६,६९९ | ४,०८,१४८ | ६०.९३ |

*स्रोत: आर्थिक सर्वेक्षण २०८०/८१ (फागुन मसान्तसम्म) ।*

आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन कर्णाली प्रदेशमा सबैभन्दा बढी ७१.६, मधेस प्रदेशमा सबैभन्दा कम ३४.८ रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ६५.७७ रहेको छ । सुदूरपश्चिम प्रदेशमा औपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति १४.८ प्रतिशत रहेको छ भने अनौपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति ८५.२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट ६ वटा सीपमूलक तालिम संचालन भई ११६ जना महिला र ९६ जना पुरुष गरी जम्मा २१२ जना लाभान्वित भएका छन् ।

## ६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु:

- ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको व्यवस्थापन गर्नु ।
- प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु ।
- पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानीय आवश्यकता अनुसार विकास निर्माणका योजना बनाउनु ।
- उद्योग सञ्चालन प्रोत्साहनका लागि सुपथ मुल्यमा भरपर्दो विद्युतीय सेवाको उपलब्धता प्रदेशका दुर्गम क्षेत्रमा समेत गराउनु ।
- विद्युत क्षमतामा देशकै बढी क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत आयोजनाहरुमा उचित लगानी आकर्षित गर्नु र अध्ययन तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रता दिनु ।
- भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुने गरेको छ ।
- सार्वजनिक क्षेत्रबाट पूर्वाधार क्षेत्रमा भएको लगानीको गुणस्तर प्रवर्द्धन गर्न, दिगोपना बढाउन, सामाजिक सहयोग परिचालन गर्न र संस्थागत सुशासन कायम गर्नका लागि नीति प्रभावकारिताको अभाव हुनु ।

---

[५] *बैदेशिक रोजगार विभाग, वार्षिक श्रम स्वीकृति विवरण, आ.व.२०८०/८१ ।*

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्य व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी दक्ष जनशक्ति तथा कामदारहरुको विदेशिने प्रवृति न्यूनीकरण गर्नुका साथै, बजारको आवश्यकता अनुसारको सीप तथा दक्षताको विकास गर्नु ।
- व्यवसायिक कृषि क्षेत्रमा युवाहरुको आकर्षण घट्दै गएकोले आवश्यकता अनुसारको कृषि तथा भेटनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु ।
- स्थानीयस्तरमा श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु तथा कृषि, पशुपालन जस्ता पेशा/व्यवसायमा बजारीकरणको अभाव रहनु ।

**सम्भावनाहरुः**

- राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।
- सुदूरपश्चिम प्रदेशमा जलविद्युतको उत्पादन क्षमता अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको छ । त्यसैले यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युल उत्पादन गर्न सके समग्र सुदूरपश्चिम प्रदेशको पूर्वाधार विकासका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना समेत प्रबल रहेको छ ।
- निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर आदी लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश छिमेकी भारतीय राज्यका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गर्न सक्ने सम्भावना रहेको ।
- बेरोजगार व्यक्तिहरूलाई कृषि सहकारी वा कृषक समूहको माध्यमबाट कृषि पकेट क्षेत्रहरूको विकास गरी कृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा थप रोजगारीका अवसरहरू सृजना गरी कृषिमा आत्मनिर्भर बनाउन सकिने ।
- प्रदेश सरकार वा नेपाल सरकारबाट नविन सोच भएका नयाँ उद्यमी र लघु उद्यमीहरुलाई सीप विकास तालिम प्रदान गर्ने तथा लगानी प्रवर्द्धन गर्ने एकाईको स्थापना गर्न सके उद्यमशीलताको विकास भई युवा स्वरोजगार हुने सम्भावना रहेको ।

# परिच्छेद ७ : आर्थिक परिदृष्य

समीक्षा वर्षमा आर्थिक क्रियाकलापहरु क्रमशः विस्तार हुने अनुमान छ।

## ७.१ कृषि क्षेत्र

पछिल्लो समय कृषिमा यान्त्रिकरण र आधुनिकीकरण बढेको, मलको उपलब्धता सहज भएको, सिंचाइको सुविधा विस्तार, हाईब्रिड जातको बीउ प्रयोगमा वृद्धि भएको, मकै विशेष कार्यक्रम सञ्चालन भएको, साना सिंचाइ आयोजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भार भएको, तरकारी खेतीमा युवाहरुको आकर्षण बढ्दै गएको, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता बढेको आदि कारणले समग्रमा कृषि उत्पादन अनुमानित ५ देखि १० प्रतिशतले वृद्धि हुने देखिन्छ। । यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाखा ब्लक कार्यक्रमको सञ्चालन, प्रदेश सरकारद्वारा घुम्ती भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन, बाखा पकेट क्षेत्रमा वृद्धि, पशुपालन क्षेत्रमा बीमा योजना, व्यावसायिक कुखुरापालन तथा माछापालन विस्तारले मासु, अण्डा, माछा र ऊनको उत्पादन समग्रमा अनुमानित ४ देखि ८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ७.२ औद्योगिक क्षेत्र

समीक्षा वर्षमा बैंक व्याजदरमा उतारचढाव आएतापनि हाल भने व्याजदर घट्दो क्रममा रहेको, अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र औद्योगिक कच्चा पदार्थको मूल्य स्थिर रहेको, प्रदेशमा रहेका उद्योगहरुको क्षमता उपयोगमा वृद्धि देखिएकोले औद्योगिक उत्पादन बढने अनुमान गरिएको छ।

## ७.३ सेवा क्षेत्र

शिथिल विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा कमी आएतापनि यस प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर र पर्यटक आगमन संख्यामा पछिल्ला महिनाहरुमा सुधार आएको छ। अनुकुल आन्तरिक एवम् वाह्य आर्थिक अवस्थाले स्वदेशी तथा विदेशी पर्यटक आगमनमा पनि विस्तार हुने सम्भावना देखिन्छ। वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुन सक्ने, डिजिटल प्रविधिको बढ्दो प्रयोग, आन्तरिक तथा बाह्य हवाई सेवामा वृद्धि, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतको कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ। त्यसैगरी, भू-उपयोग नियमावली संशोधन र कित्ताकाट सम्बन्धी व्यवस्थाहरु खुकुलो बन्दै गएकोले आगामी दिनमा घरजग्गा कारोबार समेत सकारत्मक रुपमा बढ्ने अनुमान गरिएको छ।

## ७.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतिको कार्य भईरहेको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, प्रदेश सरकारका भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माण, सञ्चालन र १३२ के.भी प्रसारण लाईनमा जोडिने क्रममा रहेको कारणले स्थानीय स्तरमा रोजगारी सिर्जना भई समग्र आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अनुमान गरिएको छ।